# पंचायत र भूमिसुधार

321.6 panchayati politics

land reform

# पंचायत

# र

# भूमिसुधार

श्री ५ को सरकार, पंचायत मन्त्रालय,
प्रचार विभाग, सिंहदरबार काठमाडौं, नेपाल

पहिलो पटक  ५,००० प्रति
श्रेणी 'क'

२०२१, चैत्र

मुद्रक:– श्री ५ को सरकारको छापाखाना
जुद्धसडक काठमाडौं, नेपाल

# पंचायत र भूमिसुधार

नेपालको सबभन्दा ठूलो आर्थिक स्रोत, अत्यधिक जनताको व्यवसाय खेती हो। त्यसैले यसको स्थितिमा एउटा सुधार र नवीनता नआउञ्जेल, नेपालमा सुधार भएको छ भन्न सकिन्न। विगत दिनहरूमा नेपाली जनताले राणा-शासनको विरूद्ध एउटा सुसंगठित क्रान्ति गर्न जुन प्रयास गरे, त्यो भन्दा धेरै बढी प्रयास, आज त्यो अवैज्ञानिक र परम्परावादी कृषि व्यवस्थाको विरूद्ध गर्नु परेको छ जसको सफलता पछि मात्र नेपालले वास्तविक स्वतन्त्रताको उपभोग गर्न पाउने छ। आर्थिक परतन्त्रताबाट नेपाली जनतालाई स्वतन्त्र गराउन

नसकुञ्जेल जतिसुकै सैद्धान्तिक र व्यावहारिक राजनीतिक प्रणाली पनि केही महत्वको हुने छैन । त्यसैले पञ्चायती व्यवस्थालाई वास्तविक रूपमा नेपाली र नेपालको लागि हितकर व्यवस्था साबित गर्न यसको राजनैतिक औचित्यलाई जत्तिकै आर्थिक धारणालाई बल प्रदान गरिनु पर्दछ । आज नेपालमा आर्थिक क्रान्ति हुनपरेको छ, आएका हरेक स्रोतलाई दुधालु गाईलाई झैं भरण-पोषण गरिनुपरेको छ, जसको चोखो र पौष्टिक उपलब्धिबाट नेपालले वास्तविक सामर्थ्य र शक्ति प्राप्त गर्नेछ ।

यसको निम्ति, हाम्रो पहिलो दृष्टि कृषि सुधार तर्फ जान्छ, किनकि कृषि हाम्रो आयको पहिलो स्रोत हो । हाम्रो कृषि प्रणालीमा नवीनता ल्याउने र यसको उत्पादनमा वृद्धि ल्याउने, दुइटा प्रश्न एकसाथ हाम्रो अगाडि छ, जसको निम्ति भूस्वामित्व र कृषि प्रणाली, यी दुई कुरामा एकै चोटी विचार गरिनु पर्दछ । यिनै दुई कुरालाई हाम्रो सरकार, कृषि पुनरसंगठन र कृषि विकास योजना, भन्दछ । पञ्चायती प्रणालीलाई वास्तविक रूपमा अत्यधिक व्यक्तिको हित रक्षार्थ प्रयुक्त गर्ने प्रयासले नै यसलाई प्रजातन्त्र बनाएको छ । प्रजातन्त्रमा सकभर कुनै पनि जनता उपेक्षित हुनु हुँदैन, तर राज्यको

कुनै ठूलो समाज वा अत्यधिक जनताको एउटा वर्ग नै उपेक्षित र कुण्ठित अवस्थामा रहनु त साह्रै असह्य हुन्छ। आज नेपालमा ती कृषकहरू जसले आफ्नो जीवनको हरेक क्षण खेतको हिलो र माटोमा अर्पण गरेको छ, उसको भोको पेट र नाङ्गो शरीर आजको जनहितकारी पञ्चायत व्यवस्थाको लागि असह्यहुन्छ। त्यसैले उपेक्षित जनसमूहलाई सामाजिक उद्धार र आर्थिक विकासको बाटो लैजाने कार्यक्रम अन्तर्गत पञ्चायत व्यवस्थाले नेपालको इतिहासलाई दुइटा अभूतपूर्व बर-दान दिएको छ, ती हुन, सामाजिक भिन्नताको अन्त र कृषि पुनः संगठन। एउटाले हरेक मान्छेलाई अर्कोको नजीक पुऱ्याउँछ भने अर्कोले हरेक गरीबलाई रोटी र कपडाको खांचो टार्छ। यी दुई पक्षमा पञ्चायती व्यव-स्थाको आत्मा निहित छ।

सामाजिक एकता र समन्वयको पक्ष जो पञ्चायती-व्यवस्थाको पहिलो प्रयास र सफलता हो,त्यस बारे यहाँ हामीलाई केही भन्नु छैन। हाम्रो प्रसङ्गको कुरा छ, पञ्चायत व्यवस्थामा आर्थिक विकासको प्रयास। यस वृहत् विषयको भूमिसुधारको पक्षभित्र मात्र हामी निहित हुन्छौं। तर भूमिसुधार पाँच वर्णको एउटा यस्तो शब्द हो जसभित्र नेपालीको भाग्य निहित छ। हामी

कहाँ स्वास्थ्य लाभका अस्पतालहरू, शिक्षा प्राप्तिका संस्थाहरू र यातायातका साधनहरूको खांचो एउटा यस्तो आधारभूत खांचो हुन्, जसले गर्दा आज हामी आफूलाई आफैं अविकसित र पछाडि परेका भन्न वाध्य छौं। हामी कसरी विकसित र सम्पन्न हुन सक्छौं भन्ने विषयमा चिन्तन गर्दा हामीले चौतर्फी विकास गर्नु परेको कुरा हाम्रो अगाडि देखा पर्छ.। तर कुनै पनि प्रकारको विकास मुख्यत: आर्थिक स्रोतमा आधारित छ। आर्थिक विकास स्वत: आफैं हुँदै जाने कुरा होइन, यसको निम्ति प्रयास हुनु पर्छ, एउटा वैज्ञानिक योजना र त्यसको कार्यान्वयन प्रति इमान्दारी हुनु पर्छ। त्यसपछि क्रमश: बढ्दै जाने आर्थिक विकासले पूँजीको सङ्कलन हुन्छ र अन्य समाज सेवी कार्यले पनि आर्थिक बल पाउँछ। यी सबै कुरामा ध्यान दिंदा विदेशी सहायतामा मात्र भर नपरी आफ्नै राष्ट्रिय सामर्थ्यलाई विकसित गर्न राष्ट्रको हरेक आय स्रोत माथि दृष्टि दिनु परेको आवश्यकताले पनि भूमिसुधारलाई अनिवार्य बनायो। यस प्रकार संक्षेपमा निम्न कारणहरूले भूमि सुधारको कार्य नेपालको एउटा अनिवार्य आवश्यकता हुन गएको छ:–

(१) भूमिहीन किसानहरूको एउटा ठूलो समुदायको उद्धार गर्नु।

(२) सामन्ती प्रथाको अनुरूप अशोभनीय भूस्वामित्व-को अन्त गर्नु ।

(३) भू उत्पादनमा वृद्धि गरी राष्ट्रिय आय स्रोतलाई बढाउनु ।

(४) अन्य समाजसेवी योजनाकोलागि पूँजी प्रशस्त गर्नु र

(५) क्रमश: विदेशी सहायता माथि कम आश्रित हुँदै जानु ।

नेपालमा त्रियानब्बे प्रतिशत जनता कृषि पेशामा आश्रित छन्, र यस मध्ये बहुसंख्यक किसान भूमिहीन छन् । यी भूमिहीन किसान जग्गाधनीको खेत अधैया या बटैया प्रणालीमा जोत्दछन् । अरू कुनै व्यवसाय र आय स्रोत नहुँदा यी भूमिहीन किसानहरू आवश्यकता परेको बेलामा आफ्नो जहान छोरा–छोरीको गहना, जेवर धितो राखी तिनै जग्गाधनीहरूसित पैसा सापट लिन्छन् । ती जग्गाधनीहरू आफ्ना जोताहाहरूलाई पैसा सापटी दिएकोमा सलामी र मनपर्दो ब्याज पनि लिन्छन् । त्यस-पछि फसल तैयार भएपछि काँचो फसल खेत मै मोलतोल हुन्छ र सो सापट लिएको पैसा उनीहरू फसलको रूपमा

असूल गर्दछन् । यसो गर्दा सापट दिने साहू वा जग्गाधनीले १२ रूपैयाँको फसल दश रूपैयाँमा भेट्टाउँछ, उता कृषकमाथि अन्याय हुन्छ । ती भूमिहीन किसान यी सब प्रकारको अन्याय सहन वाध्य हुन्छन् , किनकि उनीहरूसित अर्को कुनै उपाय छैन । यसरी मुलुकका केही टाठाबाठा धनी मानिसले गरीबलाई निरन्तर शोषण गरिरहँदा, मुलुकमा आर्थिक विषमता उत्पन्न हुन्छ जसले गर्दा धनी उत्तरोत्तर धनी हुँदै जान्छ र गरीब झन्झन् थिचिंदै जान्छ । प्रजातन्त्रको निम्ति र आजको लोकहितकारी प्रथाको निम्ति पनि यस प्रकारको व्यवस्थालाई रहन दिनु सर्वथा अनुचित हुन्छ । त्यसैले जोताहाहरूलाई बलियो संरक्षण प्रदान गर्ने उद्देश्यले मोहियानी हकको स्थायीत्व भूमिसुधारको पहिलो आवश्यकता हो । यस उद्देश्यको पूर्तिका लागि भूमिहीन किसानलाई मोहियानी हकको प्रमाणपत्र दिएर मात्र समस्याको समाधान हुँदैन, बरू उनीहरूलाई आर्थिक शोषणबाट पनि उद्धार गर्नु पर्दछ । जबसम्म जोताहाहरूले जग्गाधनीको आर्थिक प्रभावबाट मुक्त हुने बाटो पाउँदैनन्, तबसम्म मोहियानी हकको स्थायीत्व वान्छित मात्रामा प्रभावकारी हुने छैन । त्यसैले गरीब किसानहरूलाई आवश्यकताको बेला ऋण सुलभ गराउन सहकारी-बैङ्कको आवश्यकता पनि महसूस

गरिएको छ । तर हाम्रा किसानहरूको लागि बैङ्क व्यवस्था बिलकुलै नौलो हुनेछ । उनीहरू बैङ्कसितको कारोबारमा झंझट अनुभव गर्नेछन् र साहू कहाँ गएर दिन, रात जुनसुकै बेला पनि सापट लिई रहने बानी परेका किसानलाई बैङ्कको नियमहरू केही असजिलो र अपठ्यारो लाग्ने छ । अर्को कुरा बैङ्कको अफिससम्म आएर दिनभर पर्खेर पैसा लिने फुर्सदसम्म नपाउने स्थिति पनि किसानहरूलाई पर्न सक्दछ । जस्तो कि हामीले देखेका छौं, घरमा कोही बिरामी पर्दा वा कोही मर्दा, औषधि वा कात्रो किन्न भनी गरीबहरू सापट लिन साहू कहाँ जान्छन् । यस्तो अनिवार्य आवश्यकताबाट साहूहरू नाजायज फाइदा लिन्छन् । यस प्रकारका हाम्रो कृषकहरूलाई बैङ्कको नौलो प्रणाली र एउटा निश्चित विधि–विधान अवश्यै सजिलो साबित हुने छैन । यसको समाधानका लागि हरेक ग्राम-पञ्चायतले आफ्नो क्षेत्रका भूमिहीन किसानको संरक्षणका लागि बलियो आधार दिनु, सहकारी–बैङ्कबाट कृषकहरूको लागि सजिलै सापट दिलाउने व्यवस्था गर्नु र किसानहरूको साह्रो-गाह्रोमा हाते पैंचो दिने गर्नु आदि यस्ता आवश्यक र महत्वको सेवा हो, जो भूमिसुधार कार्यका लागि पञ्चायतबाट गर्न सकिन्छ ।

यस प्रकार पञ्चायतहरूको सहयोगको आधारमा भूमिसुधारले नेपालका भूमिहीन कृषकहरूलाई एउटा बलियो संरक्षण दिनेछ, जसबाट युगौंदेखि थिचिएको एउटा वर्ग पञ्चायत व्यवस्थाको वरदान पाएर मुस्कुराउने छ। कृषि प्रधान मुलुक नेपालको त्यो जनसमूह जसको काँधमाथि आजसम्म हाम्रो कृषि व्यवसाय आधारित छ,त्यसले साहू महाजनको आर्थिक शोषणबाट उद्धार र मोहियानीहकको संरक्षणद्वारा जग्गाधनीको मनपरी पजनीबाट पाउने स्वतन्त्रता यति महत्वको कुरा हुनेछ कि यसबाट वास्तविक रूपमा शोषण प्रणालीको अन्त्य भई सर्वोदयी समाजको स्थापना हुनेछ। अनि मात्र हरेक गरीबका छोरा पनि आफ्नो बौद्धिक सामर्थ्य र चाखको अनुरूप विभिन्न किसिमको सहूलियतबाट फाइदा लिनेछन्। पञ्चायती प्रणालीलाई वास्तविक प्रजातान्त्रिक संरक्षण प्रदान गर्न आर्थिक असमानताको अन्त गर्नु पर्छ र यो कुरा भूमिसुधारबाट मात्र सम्भव हुन्छ। त्यसैले भूमिहीन किसानको एउटा ठूलो समुदायलाई उद्धार गरी प्रजातान्त्रिक परिकल्पनालाई साकार गर्न र आर्थिक शोषणको अन्त गर्न भूमिसुधारको काम यहाँ अनिवार्य हुन आएको छ।

नेपालको भू-धन केही धनिमानी व्यक्तिको हातमा

केन्द्रीत छ । तर ती व्यक्ति जसको हातमा जमीन मात्र छ, ती वास्तविक अर्थमा कृषक होइनन् । जग्गाबाट आउने आयस्ताको हकदारको रूपमा जग्गा मालिकहरू केवल व्यापारी जस्ता मात्र देखिन्छन् । बैङ्कमा पैसा हाल्नु वा कुनै कम्पनी कर्पोरेशनमा शेयर किन्नु जस्तै जग्गा किनेर घरै बसी त्यसको आयस्ता खानु चलनले कृषक र जग्गाधनीको बीच एउटा कृत्रिम विभेद तैयार भएको छ । यसो हुनुको मुख्य कारण हो, भू-स्वामित्वको अशोभनीय स्थिति । कुनै व्यक्तिले सैकडौं बिगाहा जमीन हथ्याएर कसैलाई निर्धन स्थितिमा राख्नु आजको जमानामा अन्याय हुन जान्छ । आजको राज्य लोक हितकारी राज्य हो । लोक हितकारी व्यवस्थामा हरेक व्यक्तिले मौकाको समानता पाउनु पर्छ । मौकाको समानता भन्ने कुरा विधानमा उल्लेखित मौलिक हकबाट मात्र स्पष्ट हुँदैन । बरू वास्तविक रूपमा व्यावहारिक समानता हुनु अनिवार्य छ । कसैलाई विद्याध्ययन गर्ने हक दिँदैमा उसले पढ्न पाउँछ भन्ने केही जरूरी छैन । कसैलाई यदि विद्याध्ययन गर्ने हक वास्तविक रूपमा दिनु छ भने उसलाई स्कूल, संस्था उपलब्ध गराउनु पर्दछ, पुस्तकहरू प्राप्त गराइनु पर्दछ र विद्याध्ययन गर्न चाहिने आर्थिक खर्चको बाटो प्रशस्त गराइनु पर्दछ । यस

स्थितिमा ती गरीब किसानहरू जो जग्गा धनीको जग्गा कमाएर शोषित अवस्थामा छन् तिनीहरूका सन्तानको उन्नति आर्थिक दृष्टिले अवरूद्ध देखिन्छ,यद्यपि सिद्धान्ततः उनीहरूलाई सयौं हक प्राप्त छ। त्यसैले सिद्धान्तलाई व्यावहारिक प्रयोगका लागि स्वच्छ वातावरण तैयार गर्न मुलुकमा एउटा यस्तो आर्थिक स्थिति तैयार गरिनु वान्छनीय छ जसबाट वास्तविक अर्थमा सर्वोदयी समाजको निर्माण हुन सक्छ। तर यस प्रकारको खांचो पूर्तिका लागि आयको स्रोतमा सार्वजनिक समानता हुनु अत्यावश्यक छ, र त्यही नै न्यायोचित पनि हुन्छ। तर हाम्रो मुलुकमा आजसम्मको आर्थिक विभेद कौडी र करोडमा विभाजित छ। यो स्थिति आजको जमाना सुहाउँदो होइन भन्ने कुरा प्रजाप्रेमी राजा श्री ५ महेन्द्र-बाट बुझिबक्सेको छ। आयको स्रोतमा न्यायोचित हक स्थापित गर्नको लागि भू–स्वामित्वमा निश्चित बन्देज राख्नु वान्छनीय छ।, किनकि जमीन नै हाम्रो आयको प्रमुख स्रोत हो। पच्चीस बिगाहासम्म वा सो भन्दा कम जमीन मात्र राख्न पाइने बन्देजबाट हजारौं बिगाहा जमीन कुम्लाएर बस्नेहरूको जमीन वास्तविक रूपमा रहेको जोताहा भूमिहीन किसानहरूमा वितरण भएबाट केही पूँजीपतिको हातमा निहित भएको आय स्रोत सर्व-

साधारणको हातमा वितरण हुनेछ । मुलुकमा आर्थिक समानता स्थापित गर्ने प्रयास अन्तर्गत आरम्भ गरिएको यो महान् कार्यको सफलताबाट नेपाली किसानको आर्थिक जीवनमा क्रान्तिकारी परिवर्तन हुनेछ । भू-स्वामित्वको अभ्यूदय खास गरी राष्ट्रिय आयको स्रोत केवल जमीनलाई मात्र सम्झिन सकिने अवस्थामा आफ्नो पूँजी लगाएर आफ्नो उपयोगका लागि अरूद्वारा आवाद गराइएका जमीनको संख्या बढी मात्रामा पाइन्छ र ती जोताहाहरू आज नग्न प्रायः छन् । किनकि उनी-हरूको पसिना र परिश्रमले रसाएको भूमिमा उनीहरूको हक सुरक्षित नरहनुका साथै उत्पादनको अल्प हिस्सा मात्रबाट कृषकको आर्थिक सुधार असम्भव जस्तै हुन गयो । त्यसले वास्तविक कृषकहरूमा सदा आफ्नो लाभको हिस्सा कम रहने हुँदा कृषिको आधुनिक वैज्ञा-निक साधन जुटाउनमा उत्साहको न्यूनता रहन गयो । त्यसैले न उत्पादनमा वृद्धि आयो, न त कृषकहरू नै लाभान्वित देखिए । यसबाट राष्ट्रिय आयमा वृद्धि हुन सकेन र जमीनको यथोचित उपभोग हुन पाएन। जमीन-माथि जोताहाको हक सुरक्षित रहन सकेको भए निश्चित रकम बुझाएर बढी हुन आएका अन्नको हकदार स्वयं हुन पाइन्छ भन्ने धारणाको जागृति मात्र गराएमा

पनि, यति सानो अभियानबाट राष्ट्रिय आयमा वृद्धि हुनुका साथै कृषकहरूले नयाँ तरीका अपनाएर उत्पादनमा वृद्धि ल्याउन सक्ने थिए। त्यसले हाम्रो परम्परागत कृषि पद्धतिमा नयाँ व्यवस्थाको सिर्जनास्वरूप कृषि सम्बन्धित नयाँ व्यवस्था ऐन, २०१९को अभ्यूदय भयो। हाम्रो पञ्चायती व्यवस्थामा देशका जुनसुकै वर्गका मानिसको लागि पनि समान रूपले उपलब्धीका साधन जुटाउने लक्ष्य निर्धारण गरी त्यही अनुसार कार्य भई रहेको छ। सर्वसाधारणको अभ्यूदयका लागि गरिने हर प्रकारको प्रयास पञ्चायती व्यवस्थाको मूल तथ्य पनि हो। त्यसैले श्री ५ को सरकारद्वारा प्रतिपादित भूमिसुधारको कार्य भूस्वामित्वको अन्त गरी नयाँ जागृत कृषक समाजको निर्माणद्वारा देश विकासको निम्ति अत्यधिक महत्वपूर्ण मान्न सकिन्छ।

पञ्चायत व्यवस्थाको अर्को महान् लक्ष्य छ, वर्ग समन्वय सिद्धान्तमा आधारित आर्थिक क्रान्ति। आर्थिक क्रान्ति जबसम्म राष्ट्रिय चेतनामा आधारित हुँदैन तबसम्म सफल हुन सक्ने छैन। आज हाम्रो राष्ट्रिय चेतना कृषि व्यवस्थाको नयाँ सिर्जनामा केन्द्रीत हुनु समयोचित हुन गएको छ। भूमिसुधारको अर्को आवश्यकता हो, राष्ट्रिय आय श्रोतलाई सबल पार्नु। आज नेपालमा

औद्योगिक विकासको एउटा लहर पनि पैदा गर्नु परेको छ। त्यसैले पनि उद्योगका लागि कच्चा वस्तुको उत्पादन र नगदे बालीको उत्पादनको क्षेत्रमा पनि ध्यान दिइनु परेको छ। यसको साथै ती जग्गाधनीहरू जो कृषकहरू-को मेहनतबाट सम्पन्न भएका छन् उनीहरूलाई त्यो अनैतिक स्थानबाट स्थानान्तरण गरी औद्योगिक क्षेत्र-तिर उनीहरूको पूँजी र आकर्षणलाई लैजाने उद्देश्यको लागि पनि भूमिसुधार अनिवार्य हुन गएको छ। उपरोक्त कुरामा ध्यान दिंदा हामी देख्दछौं कि भूमिसुधारको प्रस्तुत अभियानले राष्ट्रिय आयमा वृद्धि गर्नेछ। कुनै परिवारमा आवश्यकता भन्दा बढी जमीन छ भने उसले त्यसबाट पाउन सकिने अत्यधिक फाइदाका लागि तकलीफ उठाउनु भन्दा सोझो औंलाले आएको घीउ मै सन्तोष गर्नेछ। झन् कुनै परिश्रमी समुदायले बगाएको पसिनाबाट आफूले फाइदा लिन पाइन्छ भने, त्यो फाइदा-मा रहने परिवार निश्चय नै अल्छी हुँदै जान्छ। उता परिश्रमी समुदायमा पनि आफ्नो मेहनतको उचित फल नपाइने देखेपछि निराशा उत्पन्न हुन्छ। यसरी उभय पक्षबाट हेलचक्र्याईं गरिएको स्थितिमा हाम्रो कृषि उत्पादन ज्यादै नगण्य हुन जान्छ, यद्यपि यही नै हाम्रो आयको प्रमुख स्रोत हो। राष्ट्रिय आयको प्रमुख स्रोतको

यस्तो स्थिति नै हामीलाई गरीब गराउनाको कारण हो । अब भूमिसुधारको प्रस्तुत योजना अन्तर्गत वास्तविक रूपमा खेतमा पसिना भिजाउनेले आफ्नो परिश्रमप्रति प्रत्यानुभूति (ग्यारेण्टी) पाउने छ, र हरेक परिवारले त्यति नै जमीन राख्न पाउने छ, जसको अत्यधिक फाइदा मात्र उसको सबै आवश्यकताको लागि काफी हुनेछ । यसो भएपछि कृषि उत्पादनमा मेहनत गर्ने बानी बसेका-हरूबाट इमान्दारी पूर्वक यस्तो स्वाभाविक प्रयास हुनेछ, जसबाट निश्चय नै कृषि उत्पादनमा वृद्धि हुनेछ । यति मात्र होइन भूमिसुधारको योजना केवल जग्गाको वितरण र मोहियानी हकको सुरक्षा मात्र होइन, त्यसको साथै वैज्ञानिक फर्टिलाइजर (मल) र कृषिको उन्नत तरीकाको प्रयोगको पक्षमा गरिने एउटा राष्ट्रिय आन्दो-लन पनि हो । आज यस प्रकारको आन्दोलन प्रति ज्यादै कम उत्साह देखिन्छ । यसको मुख्य कारण हो, मोही र जग्गा धनीको बीचमा रहेको ठेकेदारी प्रथा । कुनै जमीनमा जतिसुकै उब्जा भए पनि जग्गाधनीले ठेक्कामा किटिएको जति अन्न मात्र पाउँछ, र सुख्खा लागि वा अरू कुनै कारणले खेतमा उब्जा भएन भने पनि जग्गा धनी निश्चित ठेक्काको रकममाथि आफ्नो कानूनी हक राख्दछ , यस प्रथाले गर्दा नयाँ किसिमको औजार

फर्टिलाइजर र वैज्ञानिक प्रणालीसित जग्गाधनीको केही वास्ता छैन । उता ठेक्का कबुल गर्ने गरीब भूमिहीन किसानहरूमा नयाँ प्रणालीको ज्ञानै छैन र ज्ञान भए पनि त्यसको प्रयोग गर्ने आर्थिक स्थिति छैन। यी सब कारणले गर्दा नयाँ प्रयोगको प्रचार गर्न कठिनाई आइपरेको छ। अर्को कुरा जमीनमाथि मोहीको हक कानूनी रूपले स्थिर नहुनाले कुनै मोही अर्काको खेतमा विशेष मेहनत गरिरहनु उचित सम्झंदैन। भूमिसुधारबाट जग्गामाथि मोहीको हक स्थिर गरिए पछि र जमीनमा जोताहा कै हक कायम गरिए पछि, हरेक किसानलाई आफूले जोतेको जमीन प्रति प्रेम बस्दछ र त्यसमा विशेष मेहनत गर्न उ चाख मान्दछ । यता भूमिसुधारको कार्यले किसानहरूमा कानूनी संरक्षण र मनोवैज्ञानिक उत्साहको वातावरण तैयार पार्दछ, यसै बीच उता पञ्चायतहरूले फर्टिलाइजर र नयाँ औजार प्रणालीको प्रयोगात्मक उपलब्धीलाई स्पष्ट गरी दिनु पर्दछ । पञ्चायतहरूले प्रयोगका लागि केही जमीन आफ्नो अधीनमा राखी नयाँ काइदाको प्रयोग गरेर किसानहरूमा नवीनता प्रति उत्साह जगाउने प्रयोग गरी दिएमा, स्वभावतः अशिक्षित किसानबाट पनि यो नवीनताको प्रयोग हुन थाल्दछ । यसरी भू उत्पादनको वृद्धिका लागि संगठित प्रयास हुन

थाल्दछ । यसबाट बढ्न जाने कृषि उत्पादनले हाम्रो राष्ट्रिय आयलाई दोबर मात्र होइन तेबर पनि गर्न बेर छैन। अतः राष्ट्रिय आय स्रोतलाई सबल पार्ने दिशामा भूमिसुधार एउटा हितकर प्रयास साबित हुनेछ, जुन कार्यमा पञ्चायतबाट ठूलो सेवा लिन सकिन्छ । जुन रूपमा पञ्चायतको दृष्टि भूमिसुधारमा बढ्दै जान्छ त्यही अनुपातमा हाम्रो उत्पादनको क्षमता पनि बढ्दै गई आर्थिक उन्नतिको साधन प्रमाणित हुँदै जानेछ किनभने अरू पश्चिमी मुलुकहरूमा देशको १० देखि १५ प्रतिशत जनता कृषि व्यवसायमा जुटेका हुन्छन् तर तिनले गरेको उत्पादन बाहिर निर्यात गरिन्छ तर यहाँ ९३ प्रतिशत कृषक भएर पनि निश्चित भूमि सम्बन्धी नीतिको अभावमा परमुखापेक्षी हुन परेको थियो । हाम्रो भूमि-सुधार योजनाको सफलताबाट हामीले पनि कृषिमा बढी उत्पादन भई हाम्रो विभिन्न फसलहरू विदेशमा निर्यात गर्न सक्ने हुनेछौं ।

माथि उल्लेखित कुराहरूबाट यो स्पष्ट देखिएको छ कि भूमिसुधारद्वारा भूमिको न्यायोचित वितरण, मोहियानीहरूको स्थायीत्व र वैज्ञानिक विधिको प्रयोग-बाट उत्पादनमा उत्साहजनक वृद्धि हुनेछ । यस प्रकार-को वृद्धिले राष्ट्रिय आयको स्थितिमा ल्याउने परिवर्तन-

बाट नेपालीको दैनिक आर्थिक जीवन हृष्ट-पुष्ट र सन्तुष्ट हुनेछ। श्री ५ बडा महाराजाको दिव्य उपदेश "प्रजा मोटा भया दरबार बलियो रहन्छ" भने जस्तै हाम्रो देश आर्थिक क्षेत्रमा आत्मनिर्भर हुन जानेछ। यसबाट राजस्वमा वृद्धि हुनेछ। यस प्रकारको वृद्धिबाट सरकारलाई समाजसेवी योजनाका लागि पूँजीको सङ्कलन हुनेछ, र अनेकन् योजनाहरूको कार्यान्वयनमा हाल रहेको आर्थिक अवरोध हट्ने छ। आज हाम्रो सरकार हामीलाई स्कूल, कलेज, अस्पताल, बाटो–घाटो र हुलाकको सुविधा दिन चाहन्छ र पनि उसको सीमित आर्थिक क्षमताले उसलाई खुम्चिन वाध्य गराएको छ। एउटा लोकहितकारी राज्यको हैसियतले जनसेवा प्रति एउटा राज्य जति उत्साही हुन सक्छ त्यत्ति मात्रामा नेपाललाई क्रियाशील बनाउन उसलाई आर्थिक बल दिनु परेको छ।

भूमि सुधार नेपाली जनजीवनको दीनता हटाउन एउटा महौषधिको रूपमा देखा पर्दछ। यसको साथै गाउँ देहातका कृषकहरूको आर्थिक उन्नति भएपछि पञ्चायतहरूले पनि बढी मात्रामा स्थानीय कर असूल गर्न सक्ने छन् र यसबाट पञ्चायती तहबाट सम्पादन गरिने सा-साना योजनाको पनि सफल सञ्चालनहुन स क्नेछ। यसरी आर्थिक सम्पन्नताबाट एउटा यस्तो उदार स्थिति-

को सिर्जना हुनेछ, जहाँ जनताको आवश्यकताहरूको पूर्ति सहज तरीकाबाट समाधान हुनेछ। यस दृष्टिकोणले पनि भूमिसुधार फलदायी हुनेछ। साथै सम्पन्न किसान-हरूको सानो तिनो रूपमा सङ्कलित पूँजीबाट कुटीर उद्योग र सहकारी व्यवसायहरूको पनि स्थापना गर्न सकिने छ, जो निश्चय नै विकासोन्मुख नेपालको लागि विशेष हितकारी हुनेछ। अतः भूमि सुधार जो हाम्रो गरीबी जस्तो पुस्तौंनी रोगको एउटै उपचार हो यस-बाट हामीलाई प्राप्त हुने आर्थिक सामर्थ्यले हामी जनता मा एउटा नवीन उत्साह र जाँगरको सिर्जना गर्ने हुँदा यसप्रति हरेक पञ्चायतहरूको विशेष उत्साह वान्छ-नीय छ किनकि देशको आर्थिक विकासमा जन सहयोग तीव्रताका साथ पुग्नु पर्ने आवश्यकता महसूस भएको छ र यसको निमित्त केवल सरकारको मात्र मुखापेक्षी भई विकास गर्न सकिन्छ भन्ने कुरा आजको स्थितिको विपरित हुन गएको छ। त्यसैले सबैको सहयोग समान रूपले देश विकासको निमित्त जुट्न सकोस् भन्ने हेतुले पञ्चा-यतको हरेक तह कायम गरिएका छन्। सबैले आफ्नो जिम्मेदारीको वहन, स्वस्थ्य तरीकाले गरी दिएको खण्डमा देशको सर्वाङ्गीण विकास सुलभ हुन सक्छ भन्ने कुरामा अब कसैको दुई मत छैन। अतः भूमिसुधार

कार्यको कार्यान्वियनमा पञ्चायतको माध्यमद्वारा उपलब्ध हुन सक्ने जन सहयोग अति महत्वपूर्ण हुन जान्छ ।

कृषि पुनरसंगठनको कार्य प्रयोगात्मक रूपमा भर्खरै शुरू गरिएको हो र यो कार्य जति महत्वपूर्ण छ उति नै कठिन पनि प्रतित हुन्छ । कठिनाइको सामना गर्ने क्षमताको वृद्धि पनि आवश्यक रूपमा देखा परेको छ । हाम्रो सीमित पूँजी बढीसे बढी उत्पादन कार्यमा लगाउन सकिने भएमा फजुल खर्चको कमी हुन गई बचत गर्ने आदत बस्ने मात्र होइन्न कि देश प्रतिको महान् कर्तव्य सिद्ध हुन जानेछ । एशियाका कतिपय अविकसित मुलुकहरूलाई मित्रराष्ट्रहरूबाट अनेक किसिमका आर्थिक सहायताका अतिरिक्त माल सामानहरू पनि उपलब्ध गराइएको छ । सदा सर्वदा सहायताको अवलम्बन गर्नुको सट्टा स्वावलम्बी हुनु समयको माग हाम्रो अगाडि उपस्थित रहेको हामी महशुस गरिरहेका छौं । त्यसैले जन-सहयोगद्वारा विकासको निमित्त आवश्यक पूँजीको संकलन सर्वाधिक महत्वको हुन जान्छ । पूँजीको उचित मात्रामा संकलन भए पछि सर्वसाधारण जनताको जीवनस्तरमा वृद्धि हुनु, कृषिको पैदावार अत्यधिक बढ्नु र क्रयशक्तिमा न्यूनता नरहनु आदि कार्यहरू प्रमुख रूपमा उल्लेख गर्न सकिन्छ । अर्कोतिर

परम्परादेखि प्रशस्त जमीन ओगटेर खेती गराई त्यसबाट हुने अत्यधिक लाभ, आफ्नो निजी उपभोग्य सम्पत्ति तुल्याएर बसेका भूमिपतिहरूको पूँजी उद्योग व्यवसायतिर लाग्न जान्छ। उद्योगहरूको स्थापनाद्वारा भूमिसुधारको कार्यले आर्थिक विकासलाई ठूलो योग मिल्न जान्छ र जीवनस्तर उठ्ने स्पष्ट देखिन्छ। जति जति आर्थिक उन्नति हुँदै जान्छ उति स्वावलम्बन बढ्न गै आफ्नै ढांचामा देश विकास गर्न हामी समर्थ हुने छौं।

माथि उल्लेख गरिएको मूलभूत सिद्धान्तको आधारमा २०१४ सालदेखि नै श्री ५ को सरकारले आफ्नो भावी कार्यक्रमको रूपरेखा स्पष्ट गर्‍यो। त्यसको फलस्वरूप भूमि सम्बन्धी ऐन, २०१४ प्रकाशमा आयो। त्यसपछि ०१६ सालमा विर्ता उन्मूलन ऐनको प्रादुर्भाव भयो। कुनै पनि नीतिको कार्यान्वयनका लागि आवश्यक वातावरणको सिर्जना हुनु आवश्यक हुन जान्छ। नीति र सिद्धान्त व्यापक रूपमा आए, तर देशमा विद्यमान राजनैतिक अस्थिरताले गर्दा कार्य रूपमा चिताए जति सफलता प्राप्त हुन सकेन। त्यसैले नेपाल र नेपालीको आन्तरिक पुकारमा आधारित ०१७ सालको राजनैतिक परिवर्तन पश्चात् भूमि सुधार कमिशनको

गठन गरियो । उक्त कमिशनको प्रतिवेदनमा पेश भएपछि हाम्रा अशिक्षित कृषक समुदायलाई जागृत गराएर नवीनताप्रति जागरूक तुल्याउँदै लैजाने हेतुले भूमिसुधारका कार्यक्रम निश्चित गरिए ।

देशका बहुसंख्यक कृषकहरूलाई उनीहरूको हक दिलाउने महान् अभियान देशव्यापी रूपमा एकै पटक सफल हुन नसक्ने हुनाले प्रयोगात्मक रूपमा हाल कार्य शुरू गरियो । प्रयोगको सिलसिलामा जुन सफलता प्राप्त भएको छ, त्यसको अनुभवबाट हामी जब आउँदो वर्ष अरू जिल्लाहरूमा समेत एकै पटक भूमिसुधारका कार्यक्रम लागू गर्ने निष्कर्षमा आशान्वित भईसकेका छौं । अहिले प्रयोगात्मक रूपमा झापा, पाल्पा तथा चितौनका केही ग्राम पञ्चायतहरूमा कार्य शुरू गरिएका छन् । वास्तविक रूपमा भूमिसुधारको कार्यक्रम अनुसार निम्न बमोजिमका कार्य गरिने छन्ः–

(१) भूमि व्यवस्था तर्फः–

(क) जोताहा पत्ता लगाउने ।

(ख) जोतेको कित्ता पत्ता लगाई नापी गर्ने ।

(ग) कित्ताको उत्पादन क्षमता र मूल्य एकिन गर्ने ।

(घ) कूतको निर्धारण गरी मोहियानी हक

दिलाउने ।

(ङ) भूमि सुधार बारे सर्वसाधारणमा जागृति ल्याउने ।

(च) मालपोतको निमित्त उचित रेकर्ड तैयार गर्ने ।

(२) सहकारी तर्फः–

(क) ऋण व्यवस्थाको सर्वेक्षण गर्ने ।

(ख) ऋण सुलभ गराउने व्यवस्था ।

(ग) बचत योजना लागू गर्ने ।

(घ) सहकारी व्यवस्था लागू गराउने ।

(३) कृषि प्रसारतर्फः–

(क) उन्नत तरीकाको खेती प्रति प्रोत्साहित गर्ने ।

(ख) उन्नत जातका बीउ, बिजन्न, औजारको सुबिधा दिलाउने ।

(ग) जमीनको उचित उपयोग गर्ने बानी बसाल्ने ।

(घ) जमीनको गुण अनुसारको कृषि-कार्यमा प्रवृत्त गराउने ।

उपरोक्त कार्यक्रमको लक्ष्य-निर्धारण अनुसार प्रयोगात्मक रूप मै भए पनि झापा, चितौन र पाल्पाको केही पञ्चायत क्षेत्रमा कार्यारम्भ गरी सकिएको छ । यी प्रयोगहरूलाई अनुभवको लागि मात्र नभनी अनुसन्धान पनि भन्नु पर्दछ । प्रयोग गरिएको क्षेत्रहरूको

प्रतिक्रिया हेरेर, आवश्यकतानुसार, कार्यविधिमा समेत नवीनता ल्याई देशको अन्य भागमा समेत यो प्रयोगलाई क्रियाशील बनाउने बाटो प्रशस्त गर्नु परेको छ। हालको कार्यविधि अनुसार उपरोक्त क्रममा यो महान् अभियान को आरम्भ भएको छ।

हाम्रा कृषकहरू परम्परादेखि चलिआएको खेतीका तरीकामा मात्र आश्रित भएका छन्। तिनलाई, कसरी उब्जा बढाउन सकिन्छ भन्नेसम्म कुराको पनि ज्ञान उचित मात्रामा नहुने हुँदा कृषि प्रसारको माध्यमबाट उन्नत खेतीतिर प्रोत्साहन दिलाउन सकिने छ। उन्नत खेतीतिर जति कृषकहरू उत्साही हुन्छन्, उति आर्थिक वृद्धि हुन जानेछ र कृषक परिवारको आर्थिक स्थितिमा सुधार आउने छ। नगद बालीप्रति चेतना बढ्ने छ। एकै प्रकारको मात्र खेती गर्ने आदतलाई छोड्ने छन्। साँच्चै भन्ने हो भने परम्पराको परिवर्तनबाट नवीनतामा कृषकहरू बढी उत्साहसाथ काम पनि गर्ने छन्।

उन्नत खेतीतिर मात्र प्रोत्साहित गरेर सफलता प्राप्त हुन सक्ने छैन। त्यसको निमित्त आधुनिक कृषिका वैज्ञानिक साधनहरूको उपलब्धी र उन्नत बीउ-बिजन उपलब्ध गराइनु आवश्यक हुन जान्छ। फेरि हाम्रा कृषकहरूलाई उपलब्ध गराइने नयाँ कृषिका औजारहरू-

को उपयोग गर्ने तरीका आदिको परीक्षण र उपयोगको तालीम दिन पर्ने हुन जान्छ । यस प्रकारका कार्यहरू भूमिसुधारको कार्य अन्तर्गत कृषि प्रसारको माध्यमद्वारा पूरा गर्न सकिने छ ।

अर्को कुरा, हाम्रा कृषकलाई जमीनको उचित उपयोग गर्ने बानी बसेको छैन । कुन ठाउँमा बारी बनाउने कहाँ के खेती हुन्छ र कस्तो खेती गर्ने भन्ने कुराको बोध गराउनु अति आवश्यक छ र साथै ठाउँ सुहाउँदो खेती गर्ने प्रकृतिमा जागृति ल्याउनु पर्ने आवश्यक हुन गएको छ । जमीनको घनत्वमा भन्दा उर्वरा शक्तिमा आर्थिक उन्नति अवलम्बित हुने हुँदा जमीन सुहाउँदो खेती र जमीनको उचित उपयोग गर्ने तरीकाहरूको प्रदर्शन प्रचार र प्रसारको कामद्वारा साधारण कृषकहरू लाभान्वित भई कृषिको उत्पादन बढाउने दिशामा भूमिसुधारको कार्य अन्तरगत कृषि प्रसारलाई तेस्रो चरणको प्रमुख आधारको रूपमा अपनाइएको छ ।

यस प्रकार भूमिसुधारको तीनै चरणको काम हाम्रो यस सम्बन्धी महान् अभियानको प्रमुख अङ्गका रूपमा देखा पर्दछन् । त्यही अनुरूप हाल प्रयोगात्मक रूपमा शुरू गरिएको झापा बुधवारेमा तीनै चरणका कामहरू सफलताको साथ सञ्चालन भइरहेको छ । पाल्पाका दुई

ग्राम पञ्चायतहरूमा प्रथम चरणको काम समाप्त गरी सहकारी संस्थाको स्थापना भइसकेका छन् । चितौन जिल्लामा प्रथम चरणका कामहरू समाप्त भइसकेका छन्। अहिलेसम्म गरिएको काममा पूर्ण सहयोग पञ्चायतहरू-बाट मिल्न गएको छ । देशको निमित्त जुन रूपमा पञ्चायती व्यवस्था हाम्रो लागि उपयोगी सिद्ध भएको छ सोही अनुसार भूमिसुधारको सफलताको निमित्त पनि पञ्चायतका इकाइहरू सहायक सिद्ध भएका छन् । पञ्चायतहरूको सहयोगमा हाम्रो सफलता निश्चय मान्न सकिन्छ ।

अन्तमा—

आजको नेपालमा जमीनमाथि आधिपत्य जमाउने त्यति नै थोरै मान्छे छन्,जति थोरै जमीन नजोत्ने छन् । भनाइ यो हो कि मुलुकको अत्यधिक जनसंख्या, जो हलो र कुटो–कोदालोको भरमा बाँचेका छन् तिनीहरू, मध्ये बहुप्राय व्यक्ति भूमिहीन छन् । यही कारण हो कि आज हाम्रो मुलुकको राष्ट्रिय आयमा वृद्धि त भयो नै साथसाथै हर किसिमका जग्गाधनीको बीच एउटा समान व्यवहारको मर्यादा पनि कायम रह्यो ।

तर यति दुवैमा नेपालको भूमि समस्याको समाधान भइसकेको छैन। नेपालको सम्पूर्ण कृषि उपयोगी जमीन र

नेपालीको परिवार संख्यामा दृष्टि दिंदा हर परिवारलाई सरदर ३४.१२ माटो मुरी खेत र ४७.४० माटो मुरी जमीन पर्न आउँछ । यस अनुसार जमीनको वितरण भएमा नेपालको जमीन साह्रै स-सानो टुकडामा विभाजित हुन जान्छ, जसबाट अधिक उपजाउका वैज्ञानिक साधनहरूको प्रयोग गर्न कठिनाई पर्दछ । यदि ठूला-ठूला टुक्रा जमीन रहेका जमीन केही व्यक्तिहरूको हातमा मात्र रह्यो भने त्यो मुलुकको प्रमुख आय स्रोतमा मुठी भर जनताको अधिपत्य न्यायोचित हुँदैन । यस्तो स्थितिमा नेपालको भूमि व्यवस्थालाई कुन रूपमा लैजाने भन्ने कुरामाथि विचार गर्दा कृषि व्यवसायमा अभिरूची भएका कृषक परिवारहरूमा जमीनको न्यायोचित वितरण गर्नु र त्यसलाई सहकारी प्रणालीद्वारा सञ्चालन गरी सबै आधुनिक वैज्ञानिक औजार तथा साधनको प्रयोग गर्न सकिने स्थितिमा राख्नु पर्ने आवश्यकता प्रष्ट हुन्छ । मुखले भन्दामा कागजमा लेख्दा यो उपाय सहज हुन सक्छ, तर यसलाई व्यवहारिक रूपमा कार्यान्वित गर्नु पर्दा धेरै कठिनाइहरू आई पर्ने छन्। कुनै पनि लक्ष्यमा कल्पनाले मात्र पुगेर हुँदैन । तर व्यवहारतः पुग्नु पर्दछ, त्यसका लागि अनुकूल मनोस्थिति र शक्ति तथा साधन चाहिन्छ । सैकडौं वर्षदेखि जरा जमाई राखेको हाम्रो

वर्तमान भूमि व्यवस्थामा एउटा आधुनिक परिवर्तन ल्याउन प्रथमतः हामीले हाम्रै रूढीगत भावनासित लड्नु पर्दछ, त्यसपछि सर्वसाधारण जनतालाई, खास गरेर कृषकहरूलाई सहकारिताको सद्गुण बारे यथेष्ट ज्ञान दिलाइनु पर्दछ। अनि जमीनको न्यायोचित वितरण र त्यसको सहकारी कृषि व्यवस्थालाई साथसाथै प्रश्रय दिनु तथा आधुनिक वैज्ञानिक साधनको प्रयोगहरूद्वारा बढी उत्पादनको व्यवस्था पनि मिलाउनु वान्छनीय हुन्छ।

आधुनिक परिभाषा बमोजिम आजको राज्य लोक-हितकारी हो। त्यसैले सकेसम्म बढी जन–समुदायको स्वार्थलाई नै आफ्नो धर्म सम्झन आधुनिक राज्य वाध्य छ। नेपालमा कृषक परिवारको आधिक्य छ भन्ने विषय-मा दुई मत छैन; अतः कृषकहरूको हितका कुराहरू आधुनिक नेपालको धर्मको रूपमा देखा परेकोले पनि, भूमि व्यवस्थाको आधुनिकरण आवश्यक हुन गएको हो। प्रजातान्त्रिक मुलुकमा प्रजाहरूमा समानता एउटा अधिकारको रूपमा रहन्छ। यसउसले कुनै पनि प्रजातान्त्रिक मुलुकमा कसैलाई सरकारी टेक्सबाट मुक्त राख्नु र फेरि उसैलाई बढी अधिकार पनि दिइनु न्यायोचित नहुने हुंदा बिर्ता प्रथा स्वभावतः अन्यायपूर्ण

हुन गयो र त्यसको उन्मूलन आवश्यक हुन आयो । नैतिक दृष्टिले हेर्ने हो भने जमीन माथि त्यसैको हक हुन्छ, जसले यसमा पसिना भिजाउँछ । भूमिको अनुहारै नदेखेकाले भूमिपति हुन खोज्नु नैतिक कुरा होइन । आर्थिक दृष्टिकोणले हेर्ने हो भने अनेकौं कृषक परिवार जसले संधै कृषि व्यवसायमा ज्यान भिजाएको छ । त्यसैको बिग्रंदो आर्थिक स्थिति र ऋणग्रस्त जीवन एउटा डरलाग्दो कुरा हो । माथिको सबै भनाइको सारांश के भने नेपालमा भूमि व्यवस्था यस प्रकार मिलाइनु परेको छ, जसबाट उत्पादनमा वृद्धि होस् र खास कृषि व्यवसाय मै आधारित जन–समुदायलाई मर्का नपरोस् । यी सबै कुरा माथि ध्यान दिइंदा, बिर्ता प्रथाको खारेजी पहिलो खुडकिलोको रूपमा आइपऱ्यो र आज हर किसिमका बिर्ताको उन्मूलन कार्य प्रायः समाप्त भइसकेको छ । यसको साथसाथै दुग्ध व्यवसाय, कुखुरा पालन, मत्स्य पालन, भेंडा,च्याँग्रा र बोकाको पालन आदि व्यवसायको वृद्धि पनि कृषि विकास अन्तर्गत आउने कुराहरू हुन् । औद्योगिक बाली लगाउने र उचित मलजल तथा माटोमा तदनुरूपको बाली लगाउने विषयहरू यस्ता वैज्ञानिक बुंदाहरू हुन् जसको ज्ञान बिना कृषकहरू आफ्नो जमीनबाट प्राप्त हुने अत्यधिक उपलब्धी लिन सक्दैनन् । आज

हाम्रो अगाडि जमीन माथिको स्वामित्व मात्र अस्वाभाविक छैन कि त्यसको प्रयोग र कृषि प्रणाली नै अवैज्ञानिक छ । यी सबै कुराहरूलाई साथसाथै सुधार गर्दै एउटा न्यायोचित आधिपत्य र वैज्ञानिक प्रयोगको लक्ष्यमा पुग्न केही समय अवश्य लाग्नेछ, तर त्यसको आरम्भसम्म भइसकेको छ । सुन्दर शुरूआत, आधा समाप्ति हो– त्यसैले आज कृषि विकासको क्षेत्रमा एउटा योजनावद्ध कार्यक्रमको सञ्चालन जो आज भई रहेछ, यो निश्चय नै भोलिको नेपालको आर्थिक ढांचामा क्रान्ति ल्याउने मार्ग र भू–स्वामित्वको नवीनतम संगठन गर्ने सामाजिक आवश्यकताको माँग हो। यसको सफलता पञ्चायत व्यवस्थाको सफलता मान्न सकिने छ । भूमि सुधार सफल भए पछि हामी सम्पूर्ण नेपाललाई नै हाँसिरहेको पाउने छौं ।